# नवराजपुरगाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम

**सभाध्यक्ष महोदय,**

१. नेपाली जनताको लामो समय देखिको संघर्ष चाहना अनुरुप सङ्घीय लोकतान्त्रिक राज्य प्रणालीको स्थापना भएको छ । यसर्थ सर्वप्रथमसङ्घीयलोकतान्त्रिक गणतन्त्र स्थापनागर्न प्राण आहुतिगर्नु हुने सम्पुर्णज्ञात अज्ञात शहिदप्रतिभावपुर्ण श्रद्वान्जलीअर्पण गर्न चाहन्छु ।गाउँ निर्माणमा तल्लीन नराजपुर गाउँपालिका क्षेत्रका विशिष्ट महानुभावहरु, सङ्घर्ष र त्यागमा समर्पित अभियन्ताहरु तथा आम गाउँबासीहरुमा हार्दिक सम्मान प्रकट गर्न चाहन्छु । त्यसैगरी नवराजपुर गाउँपालिकाको तीव्र विकास र समृद्धिको कार्यदिशा अघि बढाउँनरयहाँका समस्तनागरिकको सुखीजीवननिर्माणको लागिहामीलाई यो महत्वपुर्ण जिम्मेवारी रकार्यभारदिनुहुने सबै गाउँबासी, शुभेच्छुक र सरोकारवालासम्पुर्णप्रतिहार्दिक आभार प्रकट गर्न चाहन्छु ।

२. नेपालकोसंविधानले परिकल्पना गरेको तीनतहको सरकारलाई व्यवहारमा उतार्न मार्ग प्रशस्त गरेको छ । नवराजपुर गाउँबासीका लागि केही राम्रा तथा विकास निर्माणकाकामहरु गरौं भन्ने भावनाहामी सबैमाभएकोले यस आर्थिकबर्षमाकेहि राम्रा तथा विकास निर्माणका कामहरु हामी गर्छौं भनिविश्वास दिलाउन चाहन्छु ।

३. साविकमा ३ वटा गा.वि.स.हरु भगवतीपुर तामासुईया, मझौरा रनवराजपुरलाई ५ वटा वडा कायम गरि स्थापित नवराजपुर गाउँपालिकाको कुल क्षेत्रफल ३२.१८ वर्ग कि.मि रहेको छ । राष्ट्रिय जनगणना २०७८ को तथ्यांक अनुसार नवराजपुर गाउँपालिकाको कुल जनसंख्या २०,७८८ रहेको छ । सोमध्ये पुरुषको संख्या १०,१८९ र महिलाको संख्या १०,५९९ रहेको छ । हुलाकी राजमार्ग संग जोडिको यस गाउँपालिकाको पूर्वमा भगवानपुर गाउँपालिका पश्चिममा बरियारपट्टी गाउँपालिका दक्षिणी सिमानामा भारतको विहार राज्य पर्दछ भने उत्तर तर्फ सखुवाननकारकट्टी गाउँपालिका र लक्ष्मीपुरपतारी गाउँपालिका रहेको छ । नवराजपुर गाउँपालिका हजारी माताको प्रतित झल्काउदै सम्पूर्ण गाउँवासीमा मेलमिलाप र सहयोगी भावनाले ओतप्रोत हुदै विकास क्रममा आफूलाई हालको रुपमा परिवर्तन गर्न निरन्तर अग्रसर छ ।

४. रणनीतिक हिसाबले महत्वपूर्ण एवम् आर्थिक तथा सामाजिक विकासका असंख्य सम्भावनाहरु बोकेको नवराजपुर गाउँपालिकामा यो गाउँसभा संचालन भईरहेकोछ । यस अर्थमा यो गाउँसभा ऐतिहासिक रहेको छ । यस गाउँपालिका क्षेत्रमा बढ्दै गएको अव्यवस्थित बसोबासले सडक, खानेपानी, विद्युत, शिक्षा, स्वास्थ्य जस्ता शहरी आधारभूत सेवा सुविधाको मागमा थप दबाब पर्न गएको र यसलाई सम्बोधन गर्ने सन्दर्भमा उत्पादनमुलक उद्योगहरुका साथै सेवामुलक उद्योगहरुको द्रुत विकासको लागि नीतिगत सुधार, सम्पूर्ण व्यवस्थापकीय क्षमता बिकास, बिकास साझेदारहरुको पहिचान र उपयोग जस्ता बिषयहरुमा परम्परागत ढंगबाट मात्र नभई दीर्घकालिन एवं राजनीतिक दृष्टकोणबाट सोच्न र सोहि अनुसार अल्पकालिन, मध्यकालिन र दीर्घकालिन योजना सहित क्रमशः अगाडी बढनु पर्ने बेला आइसकेको तथ्य पनि यस

अवसरमा अनुरोध गर्न चाहन्छु । यस सन्दर्भमा आत्मविश्वास र दृढ इच्छा शक्तिका साथ अगाडी बढ्नु पर्दछ भन्ने मान्यतालाई आत्मसात गरेका छौ ।

५. नवराजपुर गाउँपालिका ग्रामिण परिवेशबाट शहरी विकासतर्फ उन्मुख भईरहेको छ। यसर्थ यस अवस्थालाई मध्यनजर गरी वार्षिक बजेट, नीति तथा कार्यक्रमहरुको तर्जुमा गर्नुपर्ने हाम्रो अवस्थाप्रति संवेदनशिल र गम्भिर रहेको व्यहोरा निवेदन गर्न चाहन्छु ।

**सभाध्यक्ष महोदय,**

**आगामी आ.व. २०८००/८१ को नीति तथा कार्यक्रम तर्जुमाका आधारहरु देहाय बमोजिम रहेका छन् ।**

१. नेपालको संविधान
२. स्थानीय सरकार संचालन ऐन, २०७४,
३. अन्तर सरकारी वित्त व्यवस्थापनऐन,२०७४ ,
४. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन२०७४ , तथा नियमावली २०७६
५. संघ ,प्रदेश र स्थानीय तह समन्वय तथा अन्तर सम्बन्धऐन२०७७
६. स्थानीय तहको बार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४, (परिमार्जित)
७. स्थानीय तहको बार्षिक योजना तर्जुमा दिग्दर्शन २०७५ ,
८. राष्ट्रिय, प्रदेश र स्थानीय नीति, आवधिक योजनाहरु ,सोच र लक्ष्य,
९. दिगो बिकासका लक्ष,
१०. नवराजपुरगाउँपालिकाकाकानुनहरु लगायत प्रचलित कानूनी व्यवस्था,
११. श्रोत तथा बजेट सीमा निर्धारण समितिको कूल बजेट सीमा तथा बिषयगत सीमा निर्धारण,
१२. राजश्वपरामर्श समितिको प्रतिबेदन र
१३. नवराजपुर गाउँपालिकाका गतबिगत आर्थिक बर्षहरुको अनुभव सिकाई ,तथा वस्तुस्थिति ।

**सभाध्यक्ष महोदय,**

६. अब म आ.व. २०८०/०८१ को नीति, कार्यकम र बजेटले लिएको उद्देश्य प्रस्तुत गर्न चाहन्छु ।

- गाउँपालिकामा कृषिजन्य तथा पर्यटकीय क्षेत्रलाई सुदृढ तथा व्यवस्थित गरी आर्थिक क्रियाकलाप विस्तार गर्ने ।
- उपलब्ध स्रोत साधनको परिचालन गरी आर्थिक समृद्धि हासिल गर्ने ।
- गाउँबासीमास्थानीय सरकार भएको अनुभूति दिलाउने ।
- गाउँपालिकाबाट प्रदान गरिने सेवामा आम नागरिकको पहुँच अभिवृद्धि गर्ने ।
- समतामूलक र समृद्ध गाउँको निर्माण गर्ने ।
- दीगो विकासको मर्म अनुरुप भौतिक पूर्वाधारको विकास गर्ने ।

- सुशासन प्रवर्द्धन गर्ने ।
- गाउँबासीमा न्युनतम भौतिक र मानवीय सेवा पुऱ्याउने ।

७. त्यसैगरी यी उद्देश्य हासिल गर्न देहाय बमोजिमको प्राथमिकताहरुनिर्धारण गरिएका छन् ।

- गाउँपालिकाकोलागीप्रशासकीय भवनको निर्माण ।
- ढलान सडक निर्माण ।
- कृषि विद्युतीकरण कार्य ।
- सौर्य बत्ती जडान कार्य ।
- शहरी पूर्वाधारको निमार्ण ।
- गाउँगाउँमा सडक संजालको निर्माण तथा विस्तार ।
- स्वस्थ र दक्ष जनशक्तिको निर्माण ।
- सुरक्षित प्रसुती सेवा ।
- कृषि र पशुपालनको क्षेत्रमा सुधार ।
- पर्यटन पूर्वाधारमा विकास र प्रबर्द्धन ।
- सार्वजनिक/ऐलानी जग्गाको संरक्षण,संवर्द्धन र उपयोग ।
- दीर्घकालीन फोहर मैला व्यवस्थापन र वातावरण संरक्षण ।
- बजार अनुगमन र नियमन ।
- लक्षित वर्गको सशक्तिकरण ।
- सुशासन, पारदर्शिता र सेवा प्रवाहमा सुधार ।
- गाउँपालिकाको लागी चाहिने आवश्क ऐन ,नियम,कानुन र कार्यविधि निर्माण गरीने छ ।

८. अब म क्षेत्रगत नीति, कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्न चाहन्छु ।

## पूर्वाधार विकास तर्फ

- विकाशको मेरुदण्ड सडक सन्जाल भएको र शहरी सौन्दर्यतामा सडकको महत्वपूर्ण भुमिका हुने भएको कुरालाई आत्मसात गर्दै ढलान/पक्की सडक निर्माणका लागि विकेन्द्रीकरणको सिद्धान्तलाई आत्मासात गर्दै वडागत तथा गाउँस्तरीय योजना संचालन गरिनेछ ।
- नेपाल सरकाको बस्ती विकास शहरी योजना तथा भवन निर्माण सम्वन्धि आधारभूत मापदण्ड, २०७२ को प्रभावकारी कार्यान्वयन गरी सुन्दर, हराभरा र व्यवस्थित गाउँको विकास गरिनेछ ।
- सार्वजनिक, ऐलानी, पर्ती, पोखरी जग्गाको पहिचान, लगत संकलन तथा संरक्षण गरी अधिकतम प्रयोग गरिनेछ ।

- गाउँ क्षेत्रका सार्वजनिक सडकहरु बाह्रै महिना सुचारु राखिनेछ ।
- गाउँपालिकाको आफ्नै भवन निर्माण गरी सुविधा सम्पन्न गाउँपालिका स्थापीत गरिनेछ ।
- वडा कार्यालयहरुको आफ्नै भवन निर्माण गरी सेवा प्रवाहमा सहजता ल्याइनेछ ।
- गाउँ क्षेत्र भित्र व्यवस्थित कृषि बजारको संभाव्यता अध्ययन र जग्गा पहिचान गरी व्यवस्थित गरिनेछ ।
- नवराजपुर गाउँपालिका क्षेत्र भित्र रिङ्गरोडको लागी संघिय सरकार तथा प्रदेश सरकारसंग आवश्यक पहल गरिनेछ ।
- गाउँपालिकाको सम्पूर्ण वडामा सडक वत्ती व्यवस्थापन,खानेपानी व्यबस्थापन तथा मर्मत सुधारका लागी कार्यहरु अगाडी वढाइनेछ र क्रमशः सडक वत्ती, सौर्य सडक वत्ती जडान गर्दै लाने निती लिइनेछ।
- गुणस्तर निर्माण सुनिश्चित गर्न यस गाउँपालिकामा योजना अनुगमनको व्यबस्था गरिनेछ ।
- पूर्वाधार निर्माण गर्दा महिला/वालमैत्री तथा अपाङ्ग मैत्री पूर्वाधार निर्माण निती लिइनेछ ।
- सम्पूर्ण गाउँको गुरुयोजना (Master Plan) निर्माण गरी सोही अनुरुप विकास निर्माणको कार्य अघी बढाउने निती लिइनेछ ।
- खेतियोग्य जमिनमा कृषि उत्पादन बढाउन डिप बोर्डिङ्ग जडान लगायतका सिंचाई आयोजनाहरु निर्माण गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्र सर्वसुलभ स्वच्छ पिउने पानी व्यवस्थापन कार्यक्रम संचालन गरिनेछ ।
- गाउँपालकिा क्षेत्रभित्र विद्युत् विस्तार नभएका स्थानहरुको पहिचान गरि विद्युत् विस्तार कार्यक्रम संचालनमा ल्याइनेछ ।
- संघ तथा प्रदेश सरकारसंगको साझेदारीमा खेलकुद विकासका लागि रंगशाला तथा कभर्ड हल निर्माणका लागि पहल गरिनेछ ।
- कृषि सडक निर्माणमा विशेष नीति वनाई पूर्वाधार विकास गरिनेछ ।

## आर्थिक विकास तर्फ

- यस गाउँपालिका क्षेत्रको मुख्य पेशा कृषि भएको हुँदा कृषि क्षेत्रको विकासका लागी कृषि सडक, सिंचाइ सुविधा विस्तार, व्यवसायिक तालिम, प्राविधिक सहयोग गर्ने क्षेत्रमा लगानी गरिनेछ ।
- नवराजपुर गा.पा. को आर्थिक विकासको लागि पंचवर्षिय योजना कार्यान्वयनमा ल्याइने छ ।
- निजी वन स्थापना तथा प्रवर्द्धनमा जोड दिइनेछ ।
- कृषि क्षेत्रको व्यवसायिकरण र आधुनिकिकरण गर्दै कृषि पेशालाई मर्यादित, सम्भावित र आकर्षक पेशाको रुपमा विकास गरिनेछ । तुलनात्मक एंव प्रतिस्पर्धात्मक लाभको संभावना र भौगोलिक पर्यावरणिय तथा माटोको परिक्षण कार्यक्रम संचालन गरी विभिन्न खाद्य वस्तुहरु र तरकारी लगायत अन्य क्षेत्रको पहिचान गरी पकेट क्षेत्र निर्धारण गरी विशेष कार्यक्रम संचालन गरिनेछ ।
- सहकारी मार्फत खेती, साना सिंचाई मल, विउ ढुवानी विशेष कार्यक्रम लागु गरिनेछ ।

- कृषक पाठशाला संचालन र पशु तथा कृषि सम्बन्धी अन्य कार्यक्रमहरु लागु गरिनेछ ।
- सहकारी अभिमुखीकरण लगायतका सहकारी सम्बन्धी अन्य कार्य गर्ने नीति लिइएको छ ।
- कृषि सहकारी लाई विशेष ग्राहयता दिई दर्ता, नविकरण गरी सहकारी मार्फत कृषि क्षेत्रको वृहत्तर विकास गर्ने नीति लिइएको छ ।
- गाउँपालिकाको आन्तरिक श्रोत वढाउन र त्यसको अधिकतम उपयोग गरी विकासमा गर्न रणनितीक कार्ययोजना वनाई लागु गरिनेछ ।
- गाउँपालिकाभित्रका सार्वजनिक पोखरीहरु ठेक्का लगाई गाउँपालिकाको आन्तरीक श्रोत वृद्धि गर्ने नीति लिइनेछ ।
- पालिकास्तरीय माटो परिक्षण शिविर संचालन गरिनेछ ।
- **किसानसंग प्राविधिक कार्यक्रम** लाई निरन्तरता दिंदै प्रत्येक किसानको खेतबारी तथा गोठसम्म कृषि/पशु प्राविधिक पुगि आवश्यक सेवा परामर्श दिने व्यवस्था मिलाईने छ ।
- आवश्यकता बमोजिम पशु स्वास्थ्य शिविर संचालन गरिनेछ ।
- कृषि सिंचाईको विकासको लागी साना सिंचाई कार्यक्रम लागु गरिनेछ ।
- यूवाहरुलाई कुलत बाट बचाउँनका लागी लागु पदार्थ मुक्त गाउँ निर्माण गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ ।
- अर्गानिक तरकारी खेतीको लागी माटो परिक्षण गरी समुह वनाई सहकारी मार्फत विशेष कार्यक्रम संचालन गर्ने नीति लिइनेछ ।
- गाई वस्तु तथा पशुमा लाग्ने माहामारी रोग र यस वाट हुन सक्ने क्षतीका लागी आवश्यक औषधी तथा भ्याक्सीनहरुको उचित प्रवन्ध गर्ने निती लिइएको छ ।
- गाउँ क्षेत्र भित्रका निर्माण भई सकेका भौतिक संरचनाहरुको लगत तथा नयाँ निर्माण हुने भौतिक संरचनाहरु लाई अनिवार्य नक्सा पासको दायरा ल्याउने र दायरा भित्र नआउनेहरु प्रति कठोर नीति लिईनेछ ।
- गाउँपालिका भित्रका मूख्य पर्यटन क्षेत्रहरुको सम्भाव्यता अध्ययन गरि सोको विकासमा जोड दिइनेछ ।
- गरीबि निवारणका लागि लघु उद्यम विकास कार्यक्रमलाई निरन्तरता दिंदै थप नयाँ लघु उद्यमी सिर्जना गरिनेछ ।

## सामाजिक विकास तर्फ

- हरेक टोलमा **टोल विकास समिती** गठन तथा सोको परिचालनमा जोड दिइनेछ ।
- राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने सक्षता तथा दक्ष योग्य नागरिक निर्माण गर्ने नीति लिइनेछ ।

- हरेक गाउँ/टोलमा आवश्यकता अनुसार स्वास्थ्य शिविर संचालन गरिनेछ ।
- सामाजिक विकासको मेरुदण्ड शिक्षा तथा स्वास्थ्य क्षेत्रको विकासको लागी योजनावद्ध रुपमा विशेष कार्यक्रम तथा प्रयासहरु गरिनेछ ।
- गर्भवती/सुत्केरी महिलाहरुका लागि **सुत्केरीसंग उपाध्यक्ष कार्यक्रम**लाई निरन्तरता दिइनेछ ।
- “सवैका लागी शिक्षा” भन्ने नाराका साथ विद्यालय क्षेत्र विकास कार्यक्रम तदारुकताका साथ लागु गर्ने नीति लिइएको छ । तथा विद्यार्थी भर्ना अभियानलाई तिव्रता दिइनेछ ।
- शिक्षा लाई गुणस्तरिय वनाउन र उत्पादन जन शक्ती लाई प्रतिस्पर्धात्मक वनाउन र सामुदायिक र निजी विद्यालयहरुको विचको भिन्नता कम गर्न विद्यालयहरुमा अंग्रेजी माध्यमवाट अध्यापन गराउन विशेष कार्यक्रम संचालन गरिनेछ ।
- प्राविधिक तथा प्रविधि मैत्री शिक्षा तथा तालिम, प्रशिक्षणका लागी विशेष कार्यक्रम संचालन गर्ने नीति लिइनेछ ।
- विद्यालयहरुको पूर्वाधार सुधारमा विशेष जोड दिइनेछ ।
- दिगो विकासको लक्ष्य अनुरुप विद्यालयहरु तथा विद्यालयका शौचालयहरु अपाङ्ग मैत्री, महिला मैत्री निर्माण गर्न अनिवार्य गर्ने नीति लिइनेछ ।
- यस पालिका भित्रका सामुदायिक तथा संस्थागत विद्यालयहरुको नियमित अनुगमन गरी देखिएका कमी कमजोरीहरु लाई अविलम्ब सुधार गर्दै जाने नीति लिइएको छ । साथै सवै विद्यालयहरुमा पोशाक अनिवार्य गरिनेछ ।
- विपन्न छात्राहरुको शिक्षामा पहुच अभिवृद्धि गर्न नियमानुसार पोशाक, पाठ्य सामाग्री, छात्रवृती उपलब्ध गराउने नीति  लिइनेछ ।
- गरिव तथा जेहेन्दार विद्यार्थीहरुलाई लक्षित गर्दै आवश्यक सहयोग गरिने छ  ।
- विद्यार्थीहरुको चौतर्फी विकासका लागी गाउँपालिका भित्रका सवै विद्यालयहरुले प्रत्येक शुक्रवार अतिरिक्त कृयाकलाप अनिवार्य संचालन गर्ने नीति लागु गरिनेछ ।
- विद्यालयहरुमा शुद्ध खानेपानीको समुचित व्यवस्थापन गरिनेछ साथै खानेपानीका शुद्धता परिक्षण अनिवार्य गर्ने नीति कार्यान्वयन गरिनेछ ।
- मदर्साहरुको स्तरोन्नती तथा आधुनिकरणका लागी विशेष कार्यक्रम संचालन गरिनेछ  ।
- गर्भमै लिङ्ग पहिचान गरी भ्रुण हत्या गर्ने अपराधका कारण लैङ्गिक अनुपातमा असर परिरहेको र वालवालिकाहरुको कम उमेरमै गरिने विवाहले महिलाहरुको स्वास्थ्यमा मात्र नभई समग्र जनशक्ती विकासमै नकारात्मक असर परिरहेको परिप्रेच्यक्षमा यी असरहरु नियन्त्रण गर्न, असल मानव श्रोतको विकास गर्न आवश्यक कार्यक्रम संचालन गरिने छ ।
- नवराजपुर गाउँपालिकामा संचालित प्राथमिक स्वास्थ्य केन्द्र नवराजपुरमा आकस्मिक स्वास्थ्य सेवा संचालनमा ल्याइनेछ ।

- स्वास्थ्य क्षेत्रलाई थप सुदृढ बनाउन आवश्यक दक्ष जनशक्तिको व्यवस्थापन गरिनेछ ।
- प्राथमिक स्वास्थ्य केन्द्र नवराजपुरमा सर्पदंश उपचार केन्द्र संचालनमा ल्याइनेछ ।
- यस गाउँपलिकामा १० बेडको अस्पताल निर्माण तथा संचालनका लागी आवश्यक साझेदारी र व्यवस्था मिलाइनेछ ।
- प्राथमिक स्वास्थ्य सेवा, स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीहरुको स्तरोन्नती तथा सेवा विस्तारका कार्यक्रम संचालन गरिनेछ ।
- कुपोषण नियन्त्रणका लागि आवश्यक कार्यक्रम संचालन गरि पोषणमैत्री वडा तथा पालिका घोषणा कार्यक्रम संचालनमा ल्याइनेछ ।
- बर्थिङ्ग सेन्टरबाट प्रदान हुने सेवालाई थप प्रभावकारी बनाइनेछ ।
- ग्रामिण अल्ट्रासाउण्ड सेवा हरेक वडा तथा टोलमा विस्तार गरिनेछ ।
- मानव स्वास्थ्यमा योगको ठुलो महत्व हुने हँदा योग सम्बन्धी विशेष कार्यक्रम संचालन गर्ने नीति लिइनेछ ।
- ज्येष्ठ नागरिक लाई सम्मान कार्यक्रम निरन्तर संचालन गरिनेछ ।
- फरक क्षमता भएका नागरिकहरुको जीवनयापन सहज तुल्याउन सहायता सामाग्रीहरु वितरण गरिनेछ ।
- नवराजपुर गाउँपालिका खुला दिशा मुक्त क्षेत्र घोषणा भई सकेको हुँदा यसको प्रभावकारी कार्यान्वयन गर्ने नीति लिइएको छ ।
- पूर्ण सफाई अन्तर्गत कार्यक्रम वनाई संघ, संस्था, गैह्र सरकारी संस्था तथा दाताहरुको पूर्ण सहभागीता गराई सहयोग तथा साझेदारीमा गाउँपालिका पूर्ण सफाई यूक्त वनाउने अभियान तथा नीति लिइएको छ ।
- नेपाल सरकारको दिगो विकासको निती अनुरुप पूर्ण सरसफाई तथा शुद्ध खानेपानीको लागी रणनितीक कार्ययोजना वनाई कार्य गर्ने नीति लिइनेछ ।
- प्रत्येक वडामा कम्तीमा एउटा सार्वजनिक शौचालय निर्माण गर्ने नीति लिइनेछ ।
- गाउँपालिका क्षेत्र भित्र फ्रि वाई फाई जोनको विकास गरिने छ ।
- वालवालिकाहरु लाई लक्षित गर्दै वाल कल्याण कार्यक्रम लागु गरिनेछ ।
- घरेलु हिंसा लगायत अन्य हिंसा वाट पिडीत महिलाहरुको लागी विशेष कार्यक्रम संचालन गरिनेछ ।
- महिलाहरुलाई लक्षित गरी महिला विकास तथा महिला जागृती समेतका कार्यक्रम संचालन गरिनेछ ।
- यूवाहरुलाई लक्षित गरि राष्ट्रिय यूवा परिषद तथा खेलकुद विकासका कार्यक्रमहरु संचालन गरिनेछ ।
- यूवाहरुलाई सिप मुलक तालिम, प्रशिक्षण लगायतका स्वरोजगारका कार्यक्रमहरु संचालन गरिनेछ ।

## वातावरण तथा विपद व्यवस्थापन

- स्वच्छ वातावरणमा बाँच्न पाउँने हकनागरिकको मौलिक हकको रुपमा नेपालको संविधानले स्थापित गरेको छ । यसलाई व्यवहारमा कार्यान्वयन गर्न फोहोरमैलाको उचित व्यवस्थापन गरी वातावरण पर्यावरण संरक्षण, जलवायु परिवर्तनको असर न्यूनिकरण गर्न कार्यक्रमहरु संचालन गरिनेछ ।
- सड्ने, नसड्ने र सीसाजन्य फोहोरको लागी छुट्टा छुट्टै रुपमा डस्ट विन प्रयोग गर्ने कार्यक्रमहरु संचालन गरिनेछ।
- सडक किनारा, ऐलानी, पर्ती तथा अन्य सार्वजनिक जग्गाहरुमा बृक्षारोपण गरी पर्यावरण रक्षा सम्बन्धी विशेष कार्यक्रम संचालन गरिनेछ ।
- गाउँपालिका स्वंम वा सरोकार वाला वा संघ संस्था ,निजी तथा सरकारी वा गैह्र सरकारी संस्थाहरु सँग समन्वय साझेदारी गरी नगर भित्रको फोहोर मैलाको उचित व्यवस्थापन गर्ने निती लिइनेछ ।
- हजारीमाँता मन्दिरक्षेत्र लाई संरक्षण गर्नेनीति लिइनेछ ।
- सलहेश क्षेत्र तथा मेलाको ब्यबस्थापन गरीने छ ।
- समग्र नवराजपुर गाउँपालिका क्षेत्र विकास निर्माणका लागी एकल नवराजपुर गाउँपालिका वाट मात्र विकास संभव नभएको हुँदा आवश्क योजनाहरु छनौट गरी संघीय/प्रदेश सरकार सँग पहल गर्ने नीति लिइएको छ ।
- वैदेशिक रोजगारमा गएकाहरु तथा निजहरुको परिवारका लागी विशेष कार्यक्रम गरिनेछ ।
- विपद् व्यवस्थापनका लागि पूर्व तयारी, सचेतना अभिवृद्धि र राहत तथा उद्धार सामग्रीहरुको आवश्यक व्यवस्था गरिनेछ ।

## मानव संसाधन/संस्थागत विकास सेवा प्रवाह र सुशासन

- गाउँपालिकाको न्यायिक समितिलाई सवल वनाई नागरिक वा स्थानीय मुद्धाहरुको सम्बोधनका लागी र न्यायमा सहज र शुलभ पहुँच अभिवृद्धीका लागी न्यायिक समितिलाई प्रभावकारी वनाइनेछ ।
- प्रत्येक वडामा मेलमिलाप केन्द्र स्थापना तथा संचालन गरिनेछ ।
- न्यायमा पहुँच अभिवृद्धि गर्न न्यायीक समिती मार्फत् आवश्यक कार्यक्रमहरु संचालनमा ल्याइनेछ ।
- गाउँपालिका तथा वडा कार्यालयहरुले प्रदान गर्ने सेवा सुविधा उल्लेख भएको नागरिक वडापत्र सेवाग्राहीले देख्ने ठाउँमा राख्ने प्रबन्ध मिलाइनेछ ।
- जनशक्ती विकास संगठनात्मक संरचना सुचनामैत्री कार्य सम्पादन र सेवा प्रवाह लाई विशेष प्राथमिकतामा राखीनेछ ।

- कर दस्तुर र व्यक्तिगत घटना लगायतका तथ्याङ्क अध्यावधिक गर्न सवै वडा सँग नेटवर्किङ्ग अनलाइन सेवा पुऱ्याउने लक्ष्य लिइएकोछ ।
- सार्वजनिक सुनुवाई कार्यक्रम कार्यान्वयन गरिनेछ ।
- अध्यक्षसंग संवाद कार्यक्रम अन्तर्गत प्रत्येक त्रैमासिकमा सरोकारवालाहरुसंग संवाद कार्यक्रम संचालन गरिनेछ ।
- स्वीकृत दरबन्दी संरचना बमोजिम नगर प्रहरीको व्यवस्थापन गरिनेछ ।
- सार्वजनिक जग्गाको नापजाँच, गाउँपालिकाको सीमा निर्धारण तथा लगत व्यवस्थापन गरिनेछ ।
- भू-उपयोग योजना तथा जग्गा वर्गीकरण कार्य संचालन गरिनेछ ।
- भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको जग्गा व्यवस्थापनका लागि आवश्यक प्रकृया अघि बढाइनेछ ।
- राजस्व वृद्धिमा योगदान पुऱ्याउन आवश्यक कार्यक्रमहरु संचालनमा ल्याइनेछ ।
- राजस्व संकलन प्रकृयालाई अनलाइन प्रणालीमा आबद्ध गरिनेछ ।

सम्मानितअध्यक्ष तथा सभा सदस्य ज्युहरु,

जनभावनाकोकदर गर्दैगाउँपालिकाकोबिकासरसेवाप्रवाहमाअहोरात्रखटिनेजिम्मेवारी रसंकल्पकासाथहामीजननिर्वाचितप्रतिनिधिहरुगाउँपालिकाकोअग्रगामीमार्गतयगर्नयससम्मानितसभामाउपस्थितभएकाछौं ।यसगहनजिम्मेवारीपूरागर्नहामीसबैकोभूमिकारहन्छ। प्रभावकारीबिकास, सेवाप्रवाह रनियमनकोलागिसबैकोसार्थकसकरात्मक र सृजनशीलभूमिकाअपरिहार्यछ।अगामी आर्थिक बर्ष २०८०/०८१ का लागी तर्जुमा गरिएका नीति तथा कार्यक्रमहरुको कार्यान्वयनवाट यस गाँउपालिकाको सर्वाङ्गीण विकासमा महत्वपुर्ण योगदान पुग्नुका साथै नवराजपुर गाउँपालिकावासी नागरिकहरुको सुख र सम्वृद्धिको उत्कृष्ट ईच्छा र चाहानामा टेवा पुग्ने अपेक्षा लिएको छु ।यसनीति तथा कार्यक्रमको सफल कार्यान्वयनमा जनप्रतिनिधी, राजनैतिक दलहरु, नागरिक समाज, बुद्धिजिवी, सहकारी संस्थाहरु, विकास साझेदार,राष्ट्रसेवक कर्मचारी र सञ्चारमाध्यम लगायत सम्पूर्ण नवराजपुर गाउँपालिकावासी नागरिकहरुको साथ र सहयोग रहनेछ भन्ने विश्वास लिएको छु ।

धन्यवाद !

पुनम कुमारी यादव<br>
उपाध्यक्ष,<br>
नवराजपुर गाउँपालिका, सिरहा